# म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्ने सम्बन्धी कार्यविधि, २०७८



नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
स्वास्थ्य सेवा विभाग
व्यवस्थापन महाशाखा
टेकु, काठमाडौं

प्रथम पटक प्रकाशित : २०७९ भाद्र

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..........................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

प्राप्त पत्र संख्या :-

पत्र संख्या :- २०७८/७९

चलानी नं. :- ६१५ (PCS)

मिति २०७८/१२/२८..........

विषय :- शुभकामना

नेपालभरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुका लागि समस्या तथा चुनौतीका रुपमा रहेको म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि र औषधिजन्य सामाग्री व्यवस्थापनका लागि ढीलै भए पनि स्वास्थ्य सेवा विभाग अन्तर्गतको व्यवस्थापन महाशाखा, आपूर्ति व्यवस्थापन शाखाबाट अत्यन्त सराहनीय कार्यका रुपमा बहु-प्रतिक्षित "म्याद सकिएका तथा प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन तथा औषधिजन्य सामाग्री नष्ट गर्ने सम्बन्धी कार्यविधि २०७८" निर्माण भई मिति २०७८।११।२५ मा मन्त्रीस्तरबाट स्वीकृत भैसकेको छ । यो कार्यविधि संघ, प्रदेश र स्थानीय तहमा नेपालभरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा प्रयोगमा ल्याउन सक्ने गरी वितरण तथा लागु गरिनेछर। यसले अस्पताल, मेडिकल स्टोर तथा अन्य स्वास्थ्य संस्थाहरुमा रहेका काम नलाग्ने तर विसर्जन गर्न पनि समस्या रहेका औषधि र औषधिजन्य सामाग्रीहरु नष्ट गर्न र भण्डार कक्ष खाली गरेर काम लाग्ने सामानहरुको उचित व्यवस्थापन गर्न सकिने कुराले उत्साहित बनाएको छ । यस कार्यविधि निर्माणमा निरन्तर रूपमा लागि यसमा सहयोग पुऱ्याउने कर्मचारीहरू र अन्य संघ संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । यो कार्यविधिले नेपाल सरकार अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थालाई भण्डार व्यवस्थापनमा सहयोग गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

..............................

डा. रोशन पोखरेल

सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
महाशाखा

४-२६१७१२
४-२६१४३६
फ्याक्सः ४-२६२२६८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८८/०८९
चलानी नम्बरः-

मितिः २०७८।१२।२८

## प्राक्कथन

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको अग्रसरतामा अथक प्रयास स्वरुप सम्वन्धित विषय विज्ञहरु तथा सरोकारवालाहरु संगको अन्तरकृया, सल्लाह र सुझाववाट तयार गरिएको "म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्ने सम्बन्धी कार्यविधि, २०७८" यहाँहरु समक्ष पेश गर्न पाउँदा यसले स्वास्थ्य सामग्री आपूर्ति व्यवस्थापन क्षेत्रमा ठुलो फडको मार्ने विस्वास लिएको छु ।

यो आफैमा एकदमै नयाँ प्रयास हो । आज भन्दा झण्डै एक दशक अघि स्वास्थ्य सेवा विभाग अन्तरगंत तत्कालिन आपूर्ति व्यवस्था महाशाखाको पहलमा लिलाम विक्री तथा मिन्हा सम्वन्धि कार्यविधि निर्देशिका २०६७ जारी गरिएको थियो । यो कार्यविधि वाट विशेष गरेर स्वास्थ्य क्षेत्रवाट पुराना प्रयोगमा नआउने र धुल्याउनु वा लिलाम गर्नुपर्ने जनरल सामग्रीहरुलाई लक्षित गरी तयार गरिएको र यो कार्यविधि निर्देशिकाको सहायताले केही सहयोगी संस्थाहरुको समेत सहयोगमा स्वास्थ्य सेवा विभाग तत्कालिन आपूर्ति व्यवस्था महाशाखा, क्षेत्रिय निर्देशनालय, क्षेत्रिय मेडिकल स्टोर, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालयहरु र अन्तरर्गतका स्वास्थ्य संस्थाहरुवाट यसको सफल प्रयोग भै अधिकासं स्थानमा अनावश्यक रुपमा थुप्रिएको, ठाउ ओगटेर वसेको फोहरलाई प्रक्रिया पुर्याएर यसको उचित व्यवस्थापन गर्नुको साथै केही राजस्व समेत जम्मा गरिएको हामी संग उदाहरणहरु छन ।

यो एक दशकको विचमा यस वारे थुप्रै पृष्ठ पोषण, सुझावहरु प्राप्त भै संकलन समेत गरिएको थियो । जसमा खास गरेर स्वास्थ्य सामग्रीहरु धुल्याउन कठिनाई परेको, खाल्डोमा पुर्ने, जलाउने वा खोला, नदी नाला, ताल तलैयामा फयाकने अभ्यासले गर्दा वातावरणिय, माटो, पानी, हावामा प्रत्यक्ष अप्रत्यक्ष असर पर्न गई जनस्वास्थ्यमा समेत यसको असर देखापर्ने देखिएकोले यसलाई रोकथाम् गर्न अपरिहार्य भएको महसुस भै यस कार्यविधिको निर्माणमा लागेका हौ । ढिलोगरी ल्याईएको यस कार्यविधिले स्वास्थ्य संस्थाहरुमा अवश्य पनि यो समस्याको समाधान हुनेछ भन्ने मैले विस्वास लिएको छु ।

अन्त्यमाः यो महत्वपूर्ण कार्यविधि निर्माण कार्यमा सहयोग पूर्याउनुहुने स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाका तत्कालिन निर्देशक डा.भिम सिंह तिंकरी, वर्तमान निर्देशक डा.रुद्र प्रसाद मरासिनी, तत्कालिन आपूर्ति व्यवस्थापन शाखा प्रमुख श्री उपेन्द्र ढूंगाना, आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा. सुरेन्द्र प्रसाद चौरसिया, स्वास्थ्य सेवा विभागका उप सचिव महेश पाण्डे, कानुन अधिकृत शम्भु निरौला, आर्थिक तथा प्राविधिक सहयोगी निकाय सेभ द चिल्डेन यू एस । ग्लोवल फण्ड र अन्य सहयोगी संस्थाका प्रतिनिधि, उपचारात्मक महाशाखा तथा व्यवस्थापन महाशाखाका संलग्न सहभागीहरुलाई कार्यविधि विकास कार्यमा प्राथमिकाता स्वरुप सक्रियताको कदर गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु ।

डा.दिपेन्द्र रमण सिंह
महा निर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
व्यवस्थापन महाशाखा
महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्सः ४-२६२२६८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७८/७९
चलानी नम्बरः- २२८२

मितिः २०७८।१२।२८

# दुई शब्द

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा आपूर्ति व्यवस्थापन शाखाको समन्वय र नेतृत्वमा विज्ञ तथा सरोकारवालाहरु संगको अन्तरकृया, सल्लाह र सुझाववाट तयार गरिएको "म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्ने सम्बन्धी कार्यविधि, २०७८" यहाँहरु समक्ष पेश गर्न पाउँदा स्वास्थ्य सामग्री आपूर्ति व्यवस्थापनमा सहयोग गर्नेछ भन्ने विस्वास लिएको छ ।

२०७२ साल वैशाख १२ र २९ गतेको विनासकारी भुकम्पको समयमा हामीलाई छिमेकी तथा अन्य देशहरुवाट स्वास्थ्य सामग्री, औषधि, उपकरणहरु प्राप्त भएका थिए । सहयोग स्वारुप प्राप्त भएका उक्त सामग्रीहरु भुकम्प प्रभावित जिल्ला तथा स्थानहरुमा आकस्मिक आपूर्ति व्यवस्थापनको माध्यमवाट वितरण गरिएको थियो । वाँकी रहेका औषधि, उपकरणहरु प्रभावित भएका छिमेकी जिल्ला तथा स्थानमा प्राथमिकताको आधारमा वितरण गरिएको र केही औषधिहरुको प्रयोग गर्ने म्याद छोटो भएकोले म्याद समाप्त भै सुरक्षित विसर्जन एवं नष्ट गर्न कठिनाई भएको र हामी संग भएको एक मात्र लिलाम विक्री तथा मिन्हा सम्वन्धी कार्यविधि निर्देशिका २०६७ ले स्वास्थ्य सामग्री धुल्याउन नमिल्ने देखिएको साथै धेरै स्वास्थ्य संस्थाहरुमा काम नलाग्ने, म्याद सकिएका औषधि तथा औषधिजन्य सामग्री जलाउने, जथाभावि फाल्ने, नदी नालामा वगाउने, माटोमा पुर्ने आदि अभ्यासले वातवरणमा असर पर्न गै जनस्वास्थ्यमा समेत यसको असर देखिने भएकोले यो कार्यविधिको विकास भएको देखिन्छ । यस कार्यविधिको सहायताले स्वास्थ्य संस्थाहरुमा भएको म्याद सकिएको, काम नलाग्ने औषधि तथा औषधिजन्य सामग्रीहरु सुरक्षित विसर्जन र नष्ट गर्न सहयोग गर्नेछ भन्ने विस्वास लिएको छ ।

अन्त्यमा: यो महत्वपूर्ण कार्यविधि निर्माण कार्यमा सहयोग पुर्याउनुहुने व्यवस्थापन महाशाखाका जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुंगाना, वरिष्ठ फार्मेसी अधिकृत वडेवावु थापा, जनस्वास्थ्य निरिक्षक ज्ञान वहादुर वि.सी., सिभिल इन्जिनियर श्री जनक अधिकारी, उपचारात्मक महाशाखाका वरिष्ठ फार्मेसी अधिकृत भरतमणी मरहठ्ठा, आर्थिक तथा प्राविधिक सहयोगी निकाय सेभ द चिल्डेन यू एस ग्लोवल फण्डका वरिष्ठ खरिद आपूर्ति विज्ञ ओम प्रकाश वराल, बिश्व स्वास्थ्य संगठनका वरिष्ठ आपूर्ति अधिकृत प्रवेश खतिवडा, संयूक्तराज्य जनसंख्या कोषका कार्यक्रम अधिकृत अमित ढुंगेल, जिएचएससी पिएसएमका वरिष्ठ आपूर्ति विज्ञ रामदेव अधिकारी एवं संलग्न सहभागीहरुलाई यस कार्यविधि विकासमा सह्रानिय कार्यको लागि हार्दिक धन्यवाद दिन चाहान्छु ।

यो पुस्तिका तयार गर्न शुरुदेखी भन्डार ब्यवस्थान सम्बन्धी हासिल गरेको ज्ञान र सिपलाई उजागर गर्दै, समन्वय र विज्ञहरुको छलफल ब्यवस्थानमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ब्यवस्थापन महाशाखाका स्टोर किपर श्री केदारनाथ उप्रेतीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

डा.रुद्र प्रसाद मरासिनी
निर्देशक

## यस पुस्तिका तयार गर्न संलग्न पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | श्री उपेन्द्र ढुंगाना, | प्रमुख, आपूर्ति व्यवस्थापन शाखा, व्यवस्थापन महाशाखा |
| २. | डा. सुरेन्द्र प्रसाद चौरसिया, | प्रमुख, आपूर्ति व्यवस्थापन शाखा, व्यवस्थापन महाशाखा |
| ३. | डा. झलक शर्मा गौतम, | प्रमुख, पूर्वाधार विकास शाखा, व्यवस्थापन महाशाखा |
| ४. | श्री महेश पाण्डे, | सहसचिव, स्वास्थ्य सेवा विभाग |
| ५. | श्री शम्भु निरौला, | कानून अधिकृत, स्वास्थ्य सेवा विभाग |
| ६. | श्री दिनेश खत्री, | शाखा अधिकृत, व्यवस्थापन महाशाखा |
| ७. | श्री बडेबाबु थापा, | वरिष्ठ फार्मेसी अधिकृत, व्यवस्थापन महाशाखा |
| ८. | श्री भरत मणि मरहट्टा, | वरिष्ठ फार्मेसी अधिकृत, उपचारात्मक सेवा महाशाखा |
| ९. | श्री दिपक अधिकारी, | बरिष्ठ जनस्वास्थ्य अधिकृत, व्यवस्थापन महाशाखा |
| १०. | श्री ज्ञान बहादुर बि.सी. | जन स्वास्थ्य निरिक्षक, व्यवस्थापन महाशाखा |
| ११. | श्री रण बहादुर घर्ती, | जनस्वास्थ्य निरिक्षक, व्यवस्थापन महाशाखा |
| १२. | श्री जनक अधिकारी, | सिभिल इन्जिनियर, व्यवस्थापन महाशाखा |
| १३. | श्री डिना कार्की, | फार्मेसी अधिकृत, व्यवस्थापन महाशाखा |
| १४. | श्री बिजय राज चापागाई, | फर्मासिष्ट, उपचारात्मक सेवा महाशाखा |
| १५. | श्री केदार नाथ उप्रेती, | स्टोरकिपर, व्यवस्थापन महाशाखा |
| १६. | श्री अमित ढुंगेल, | प्रोग्राम एनालिष्ट, युएनएफपिए |
| १७. | श्री राम देव अधिकारी, | कोओडिनेटर, जिएचएससी पिएसएम |
| १८. | श्री सिस्ली सिंम्खडा, | सप्लाइचेन स्पेसलिष्ट, जिएचएससी पिएसएम |
| १९. | श्री ओम प्रकाश बराल, | ब. पिएसएम म्यानेजर, सेभ द चिल्ड्रेन |
| २०. | श्री हसन बज्राचार्य, | कोओर्डिनेटर, सेभ द चिल्ड्रेन |
| २१. | श्री पवन कुमार देव, | सप्लाइचेन अफिसर, सेभ द चिल्ड्रेन |
| २२. | श्री प्रसित कँडेल, | सप्लाइचेन अफिसर, सेभ द चिल्ड्रेन |
| २३. | श्री संजय भट्ट, | सप्लाइचेन अफिसर, सेभ द चिल्ड्रेन |
| २४. | श्री डिना पाण्डे, | एडमिन अफिसर, सेभ द चिल्ड्रेन |
| २५. | श्री दिप्ती आचार्य, | प्रोजेक्ट कोओडिनेटर, आड्रा नेपाल |
| २६. | श्री राजिव कुमार माझी, | फर्मासिष्ट, एनएचएसएसपी |
| २७. | श्री रामकाजी भोमी, | खरिद सल्लाहकार, एनएचएसएसपी |
| २८. | श्री प्रल्हाद दाहाल, | नेशनल प्रोफेसनल अफिसर, डब्लुएचओ |
| २९. | श्री प्रवेश खतिवडा, | फर्मासिष्ट, डब्लुएचओ |
| ३०. | श्री नवराज खड्का, | कन्सल्टेन्ट, युनिसेफ |
| ३१. | श्री अमृत बस्नेत, | फर्मासिष्ट, डब्लुएचओ |

## कार्यविधि निर्माणका सल्लाहकारहरू

| | | |
|---|---|---|
| १. | डा. दिपेन्द्र रमण सिंह | महानिर्देशक - स्वास्थ्य सेवा विभाग |
| २. | डा. भिम सिंह तिंकरी | निर्देशक - व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग |
| ३. | डा. रुद्र प्रसाद मरासिनी | निर्देशक - व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग |

# बिषय सूची

**प्रस्तावना** ११

**परिच्छेद १**

१. संक्षिप्त नाम र प्रारम्भः १२

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, १२

३. उद्देश्य १२

४. प्रयोगर्कताहरु १३

**परिच्छेद २**

५. म्याद सकिएका र प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्नु अघि गर्नुपर्ने पूर्व तयारीः १३

**परिच्छेद ३**

६. म्याद सकिएका प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन, म्याद सकिएका तथा औषधिजन्य सामग्री नष्ट गर्दा निम्न अनुसार वर्गिकरण गर्नु पर्दछ १४

**परिच्छेद ४**

७. औषधि तथा औषधि जन्य सामग्री नष्ट गर्दा ध्यान दिनुपर्ने १५

८. धुल्याउने र नष्ट गर्ने विधिहरु १५

**परिच्छेद ५**

९. समिति र जिम्मेवारी २०

**परिच्छेद ६**

१०. म्याद सकिएका र प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री ब्यवस्थपनलाई ब्यवस्थित र प्रभावकारी बनाउन बिभिन्न तहको जिम्मेवारी र भुमिका २१

**परिच्छेद ७**

१२. विविध २२

**अनुसूची** २३

**सन्दर्भ सामग्री**ः ३०

# प्रस्तावना

नेपाल सरकारले सरकारी अस्पताल तथा स्वास्थ्य संस्था मार्फत सेवा प्रदान गर्न वार्षिक रुपमा अत्यावश्यक औषधिहरू खरिद गरी सम्बन्धित स्वास्थ्य संस्थाहरूको माध्यमबाट वितरण गर्ने गरेको छ । यसरी औषधिहरू खरिद गर्दा विगतका वर्षहरूमा भएको खपत दर, जनसंख्या, रुग्णता आदि सूचकहरूलाई आधार मानेर तथ्याङ्कीय सूत्र प्रयोग गरेर आउँदो आर्थिक वर्षको लागि चाहिने जम्मा परिमाण निर्धारण गर्ने गरीएको हुन्छ ।

यसबाहेक कहिलेकाहीँ आईपर्ने प्राकृतिक प्रकोप, विपद र महामारीका समयमा दातृ निकाय/राष्ट्र लगायतबाट अनुदानका रुपमा पनि औषधि र औषधिजन्य सामग्रीहरू प्राप्त हुने गर्दछन । यसरी वैज्ञानिक तवरबाट अध्ययन गरी खरिद गरीएका तथा अनुदानका रुपमा प्राप्त हुने गरेका औषधिहरू स्वास्थ्य संस्थाहरूमा वितरण गर्दै जाँदा पूर्वानुमान बमोजिम खपत नहुँदा कतिपय औषधिहरू म्याद सकिन गई प्रयोग गर्न नमिल्ने अवस्थामा पुग्ने गर्दछन् । विशेष गरी महामारी रोकथाम नियन्त्रण र प्राकृतिक प्रकोपका बेलामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य संकट आउन नदिन आकस्मिक पहल तथा पुर्वतयारी गर्ने क्रममा प्राप्त गर्ने गरेका औषधिहरू कहिलेकाहीँ तोकिएको समयमा खपत नहुने अवस्था आईपर्दछ ।

यसरी समयमा खपत हुन नसकी म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने भनि प्रमाणित भएका औषधिहरू रासायनिक दृष्टिकोणबाट अत्यन्त संवेदनशील र जोखिमयुक्त हुने हुँदा सुरक्षित एवं वैज्ञानिक विधिबाट नष्ट गर्न वा धुल्याउन जरुरी भएकोले आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११० को अधीनमा रही यो कार्यविधि तयार गरीएको छ ।

# परिच्छेद १

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्य विधिको नाम "म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामाग्री नष्ट गर्ने सम्बन्धी कार्यविधि २०७८" रहेको छ ।

(ख) यो कार्य विधि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**म्याद सकिएका औषधि, औषधिजन्य सामाग्री**" भन्नाले प्रयोगमा ल्याउन नमिल्ने, औषधि, रसायन र स्वास्थ्य संस्थाहरूमा विरामीको उपचार गर्न, रोग पहिल्याउन तथा निराकरण गर्न सबै राष्ट्रिय स्वास्थ्य कार्यक्रम सञ्चालनका क्रममा प्रयोगहुने औषधि तथा औषधिजन्य पदार्थहरू मध्ये म्याद सकिएका तथा प्रयोग गर्न नमिल्ने सामाग्रीहरू, म्याद समाप्त भएका औषधिहरू, प्रयोगशालामा प्रयोग हुने रिएजेन्ट्स तथा रासायनिक पदार्थहरू जस्ता सामानहरू बुझ्नुपर्दछ । त्यस्ता वस्तुहरू प्याकिंग गरीने कार्टुन, लेबुलहरूलाई समेत प्रयोगमा ल्याउन नमिल्ने वस्तु सम्झिनुपर्छ ।

तर यस परिभाषाले कोबाल्ट, रेडियम, यूरेनियम तथा अन्य रेडियोधर्मी उपकरण तथा औजारहरू, ठूला मेशिन तथा वायोमेडिकल उपकरणहरूलाई बुझाउने छैन ।

(ख) "**इनक्याप्सुलेसन विधि**" भन्नाले, औषधि, औषधिजन्य पदार्थहरूको रासायनिक गुण यथावत राखी वा निष्कृय गरी प्लाष्टिक वा स्टील वा कंक्रिट ड्रमहरूमा बन्द गरी (लिकेज नहुने तरिकाले) विसर्जन गर्ने प्रणालीलाई बुझ्नु पर्छ ।

(ग) "**जमीनमा उचित ब्यवस्थापन गर्ने विधि**" भन्नाले, औषधि, औषधिजन्य सामग्रीहरू जमीन र जलका जैविक चक्रलाई प्रतिकुल प्रभाव नपर्ने गरी जमीनमा गाड्ने प्रक्रियालाई बुझिन्छ ।

(घ) "**पानीमा मिसाएर ढलमा बगाउने विधि**" भन्नाले, झोल औषधिहरूलाई आवश्यक मात्रामा वा अनुपातमा पानीमा मिसाएर ढलमा बगाईदिँदा त्यसले जनस्वास्थ्य र वातावरणमा प्रतिकुल असर पार्दैनन भने त्यस्ता औषधिहरूलाई सोहि अनुरुप व्यवस्थापन गर्ने विधि सम्झनु पर्छ ।

(ङ) "**उच्च तापक्रममा जलाउने विधि**" भन्नाले, औषधिहरूलाई ८५० डिग्री सेल्सियस भन्दा बढी तापक्रममा जलाउने विधि भन्ने बुझिन्छ ।

(च) "**रासायनिक पदार्थद्वारा निष्कृय पार्ने विधि**" भन्नाले, औषधि, औषधिजन्य सामग्रीहरू औषधि विज्ञ र रसायनविज्ञको सुझावमा रासायनिक पदार्थद्वारा निस्क्रिय पार्ने विधि बुझिन्छ ।

(छ) "**फर्मासिष्ट**" भन्नाले, नेपाल फार्मेसी काउन्सीलमा नाम दर्ता भएको फर्मासिष्ट बुझ्नु पर्छ ।

(ज) "**विज्ञ**" भन्नाले, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०७ को उप नियम (१) बमोजिम गठित समितिमा उल्लेख भए बमोजिमको समितिको विज्ञ भन्ने बुझाउँछ ।

## ३. उद्देश्यः

**यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्:**

- म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने भनि प्रमाणित भएका औषधि, औषधिजन्य सामग्री र प्रयोगशालामा प्रयोग हुने रासायनिक पदार्थहरूलाई सुरक्षित एंव वैज्ञानिक विधिबाट नष्ट गर्ने वा धुल्याउने ।
- म्याद सकिएका औषधि, औषधिजन्य सामग्री, प्रयोगशालामा प्रयोग हुने रासायनिक पदार्थहरू नष्ट गर्न जिम्मेवार पदाधिकारीहरूलाई कार्य सम्पादन गर्न सरल र छिटो हुने ।
- म्याद सकिएका औषधि, औषधिजन्य रासायनिक पदार्थहरू नष्ट गरी कार्यालयको भण्डार व्यवस्थापनमा व्यवस्थित हुने ।

### ४. प्रयोगकर्ताहरू

औषधि तथा औषधिजन्य सामग्री भण्डारण गर्ने

- संघिय सरकारको मन्त्रालय, विभाग, कार्यालयहरू ।
- प्रदेश सरकारको मन्त्रालय, विभाग, कार्यालयहरू .
- स्थानिय तहको कार्यालयहरू ।

# परिच्छेद २

### ५. म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्नु अघि गर्नुपर्ने पूर्व तयारीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०० बमोजिम जिन्सी मालसामानको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम निम्न अनुसारका तयार गर्नुपर्ने छ :

| चरण | कार्य | ध्यान दिनुपर्ने कुराहरू |
|---|---|---|
| १ | खर्च भएर जाने जिन्सी खाता -म.ले.प.फा.नं. ४०७) अध्यावधिक गर्नुहोस । | कार्यालयमा खरिद, सहायता, हस्तान्तरण वा अन्य जुनसुकै स्रोतबाट प्राप्त हुन आएका औषधि तथा सामग्रीहरू जिन्सी खातामा ७ दिनभित्र आम्दानी बाँधी अद्यावधिक गर्नुहोस् । **(अनुसूची १)** |
| २ | जिन्सी निरीक्षण फाराम (म.ले.प.फा.नः ४११) तयार गर्नुहोस । | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ को **(उपनियम १, २ र ३)**<br>कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परिक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ती तथा जिन्सी मालसामानको जिन्सी निरीक्षण प्रतिवेदन लिखित रूपमा लिनुहोस् । जिन्सी निरीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरूः<br>१) जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था<br>२) जिन्सी मालसामानका संरक्षण र सम्भार भए नभएको व्यहोरा<br>३) मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण<br>४) टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग हुन नसक्ने, मर्मत गरी पुन प्रयोग गर्न सकिने भए तापनि सामानको पार्ट पुर्जा नपाई, मर्मत गर्दा उक्त सामानको २५ प्रतिशत भन्दा बढी खर्च हुने, प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्य कुसलता घट्ने अवस्था भए वा नभएको व्यहोरा<br>५) सम्पत्ति तथा जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानी नोक्सानी भए वा नभएको र हानी नोक्सानी भएको भए कस्को लापरवाहीबाट भएको हो सोको विवरण<br>६) एकै किसिमको सम्पत्ति तथा जिन्सी मालसामान मध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आ.ब.मा खरिद भएको परिमाणको तुलनात्मक विवरण |

| | | |
|---|---|---|
| | | ७) सम्पत्ति तथा जिन्सी निरीक्षण सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयले तोकिएको अन्य कुरा । <br>■ निरीक्षण गर्दा मालसामानहरू आम्दानी बाँध्न छुट भएको भेटिएमा मूल्य र विवरण खुलाई जिन्सी खातामा आम्दानी बाँध्नुहोस् । <br>■ मौज्दातमा रहेका मालसामान मध्ये प्रयोगमा रहेको, प्रयोगमा नरहेको, मर्मत हुनसक्ने र मर्मत हुन नसक्ने । <br>■ मालसामानको परिमाण समेत खुलाई आ.व. समाप्त भएको ३ महिनाभित्र जिन्सी निरीक्षण गरी गराइ सम्बन्धित मन्त्रालय, विभाग, को.ले.नि.का.मा १/१ प्रति पठाउनुहोस् । <br>**(अनुसूची २)** |
| ३ | जिन्सी निसर्ग / मिन्हा फाराम (म.ले.प.फा.नं: ४१०) तयार गर्नुहोस । | प्रयोगमा आउन नसकेका सरकारी जिन्सी सामानहरूको धुल्याउन, मिनाहा दिन तथा लीलाम बिक्री गरी जिन्सी लगतबाट कट्टा गर्नको लागि यो फारामको प्रयोग गर्नुपर्छ । जिन्सी निरीक्षण कार्य र जिन्सी मौज्दातको वार्षिक विवरण लिने कार्य म.ले.प.फा.नं. ४११ तयार भएपश्चात मात्र सोही आधारमा जिन्सी निसर्ग र मिन्हा फाराम (म.ले.प.फा.नं. ४१०) तयार गर्नुपर्दछ । <br>**(अनुसूची ३)** <br>जिन्सी निसर्ग मिन्हा प्रतिवेदन फाराम (म.ले.प.फा.नं. ४१०) तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्नुहोस् । |
| | | मालसामानको यथार्थ स्थिति देखिने म.ले.प.फा.नं. ४११ को आधारमा तयार पारिएको (म.ले.प.फा.नं. ४१०) सहित नष्ट गर्नका लागि आफ्नो रायसहितको टिप्पणी स्टोर प्रमुखले कार्यालय प्रमुखसमक्ष पेश गर्नुहोस् । <br>**(अनुसूची ४)** <br>यसरी पेश हुन आएको टिप्पणी कार्यालय प्रमुखले भण्डार शाखा प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख र कार्यालयमा उपलब्ध भएसम्म सम्बन्धित मालसामानको जानकारी राख्ने / बिज्ञ कर्मचारी समेतको राय लिई निर्णय गर्नुहोस् । |

# परिच्छेद ३

## ६. म्याद सकिएका प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्दा निम्न अनुसार वर्गीकरण गर्नुपर्दछः

१. औषधि र औषधिजन्य सामग्रीहरूलाई नष्ट गर्नु अगाडी विभिन्न आधारमा अलग अलग गरी छुट्याउनु पर्दछ । यसरी अलग गर्दा अस्थाई रुपमा भण्डारण गर्ने, नष्ट गर्ने स्थान सम्म ढुवानी गर्ने वा नष्ट गर्ने आधारहरूलाई मध्यनजर गर्दै उचित वर्गीकरण गरी छुट्याउनु पर्नेछ । औषधि र औषधिजन्य सामग्रीहरूलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छ ।

क) धुल्याउने विधिका आधारमा
ख) रासायनिक जोखिमका आधारमा
ग) औषधिको अवस्था तथा भण्डारण गर्नुपर्ने विधिको आधारमा
घ) जोखिम रहित प्याकिङका सामाग्रिहरूको आधारमा

२. औषधि र औषधि जन्य सामग्रीको प्रकृति अनुसार नष्ट गर्नका लागि निम्न विधि अपनाउनु पर्नेछ ।
(क) म्याद समाप्त भएका र प्रयोग गर्न नहुने भनी ठहरिएका औषधि र वस्तुहरू छनौट गर्ने,

(ख) फरक प्रकृतिका औषधि र वस्तुहरू अलग अलग वर्गीकरण गर्ने जस्तै औषधिमा ठोस, झोल, मलम र पाउडर, सर्जिकल र प्रयोगशालामा प्रयोग हुने सामग्री आदि

(ग) म्याद समाप्त भएका र प्रयोग गर्न नहुने भनी ठहरिएका औषधि र औषधि जन्य सामग्रीहरूको भौतिक परिमाण यकिन गर्ने ।

(घ) म्याद समाप्त भएका औषधि र वस्तुहरूमा प्रयोग भएका लेवल, कार्टुन, कार्डबोर्ड, प्लास्टिक आदि सामाग्रीहरू

(ङ) प्रतिजैविक औषधि, नियन्त्रित औषधि र एन्टिनियोप्लाष्टिक आदि ।

(च) अन्य लागु-पदार्थहरू ।

नोटः वर्गीकरण गर्ने फारामको नमूना अनुसूची ५ मा उल्लेख गरीएको छ ।

# परिच्छेद ४

## ७. औषधि तथा औषधि जन्य सामग्री नष्ट गर्दा ध्यान दिनुपर्ने बुदाहरूः

औषधि र औषधिजन्य सामग्रीहरू सुरक्षित स्थानमा सुरक्षित तरिकाले मात्र नष्ट गर्नु पर्दछ। नष्ट गर्दा सम्भावित जोखिमहरू न्यूनीकरण गर्न निम्नानुसार सावधानी अपनाउनु पर्नेछ ।

- नष्ट गर्ने स्थान पानीको स्रोत (मुहान) भएको स्थान भन्दा टाढा हुनु पर्नेछ ।
- म्याद सकिएका औषधिहरू सोझै ढल, खोलानालामा मिसाउनु हुँदैन ।

केही औषधि जस्तैः

- क्यान्सर बिरुद्धका औषधिहरू (Cytotoxic & Antineoplastics Agent) लाई ढल र खुला पानीको स्रोतमा सोझै नमिसाउने ।
- तोकिएका औषधिहरू नेपाल सरकारले तोकेका मापदण्ड र अन्तर्राष्ट्रिय प्रोटोकलहरूको अधिनमा रही फर्मासिष्टहरूको लिखित राय सुझावमा मात्र पानीमा घोलेर ढलमा मिसाउने ।
- औषधि खुल्ला स्थानमा नजलाउने ।

## ८. धुल्याउने र नष्ट गर्ने विधिहरू

फरक फरक तरिकाले वर्गीकरण गरी छुट्याईएका औषधि तथा सामग्रीहरू सुरक्षित तवरले नष्ट गर्न निम्न बमोजिमका कार्य गर्न सकिन्छः

१) **उत्पादक कम्पनीलाई फिर्ता गर्ने** (Return to the manufacturing company)

औषधि उत्पादक कम्पनीहरूले म्याद सकिएका तथा उत्पादनका क्रममा त्रुटी भएका खण्डमा प्राप्त हुने कतिपय औषधिहरू नष्ट गर्ने आफ्नै प्रकृया र प्रविधि बनाएको भएमा उक्त कम्पनीहरूबाट प्राप्त औषधिको म्याद सकिएमा वा प्रयोगमा ल्याउन नमिल्ने भनी प्रमाणित भएमा धुल्याउने/नष्ट गर्ने प्रयोजनका लागि उत्पादक कम्पनीलाई फिर्ता पठाउने ।


२) **ईनक्याप्सुलेसन विधि** (Encapsulation Method)

औषधि र औषधिजन्य पदार्थहरूको रासायनिक गुण यथावत राखी वा निष्कृय गरी प्लाष्टिक/स्टील/ कंक्रिट ड्रमहरूमा बन्द गरी (लिकेज नहुने तरिकाले) विसर्जन गर्ने प्रणालीलाई ईनक्याप्सुलेसन भनी बुझ्नु पर्दछ। ईनक्याप्सुलेसन गरीएको औषधि वा औषधिजन्य पदार्थलाई मानिस र जीवजन्तुको पहुँच भित्र नपर्ने गरी विसर्जन गर्नु पर्नेछ। यसरी विसर्जन गर्दा देहाय बमोजिमका चरणहरू अपनाउनु पर्दछ ।

क) ईनक्याप्सुलेसन गर्ने पदार्थहरू यकिन गरी छुट्याउनु पर्नेछ। जस्तै ठोस, अर्धठोस, विष्फोट हुने प्रकारका पदार्थहरू खाली कन्टेनर तथा सामग्रीहरू (Aerosol Container / Cannister, empty methadone Bottle etc.)।

ख) ईनक्याप्सुलेसन गर्नका लागि सफा ड्रमहरू प्रयोग गर्नुपर्नेछ। त्यस्ता ड्रमहरूको ७५ प्रतिशत आयतन बराबर औषधिजन्य पदार्थ भर्ने र बाँकी रहेको भागमा चारैतिरबाट ड्रमको तल, माथि र वरीपरी कुखुरे जालि/फलामे डन्डी राखी सिमेन्ट, बालुवा र गिटी १:१.५:३ को अनुपातमा मिश्रण बनाई कम्तीमा ३ इन्च मोटाइ बराबरको ढलान गरी सिलबन्दी गर्ने र उक्त ढलानलाई ७ देखि २८ दिन सम्म सेट हुन दिनु पर्दछ।

ग) क्यान्सर रोगको उपचारमा प्रयोगहुने औषधि (Antineoplastics) हरूको हकमा ५० प्रतिशत आयतन बराबर औषधिजन्य पदार्थ भर्ने र बाँकी रहेको भागमा चारैतिरबाट ड्रमको तल, माथी र वरीपरी कुखुरे जालि/फलामे डन्डी राखी सिमेन्ट, बालुवा र गिटी १:१.५:३ को अनुपातमा मिश्रण बनाई कम्तीमा ३ इन्च मोटाइ बराबरको ढलान गरी सिलबन्दी गर्ने र उक्त घोललाई ७ देखि २८ दिनसम्म सेट हुन दिनु पर्दछ। ईनक्याप्सुलेसन गर्ने विधिको चित्र नं. (क) मा उल्लेख गरीएको छ।




**चित्र नं. (क)**

३) **ईनर्टाइजेसन विधि** (Inertization method)

यस विधि अन्तर्गत औषधिहरूलाई उपयुक्त रसायनसँग आवश्यक मात्रा मिसाएर सो को रासायनिक जोखिमलाई नष्ट गरी प्राप्त हुन आउने पदार्थलाई माथिको २ मा उल्लेख भएबमोजिम ईनक्याप्सुलेसन गरी विसर्जन गर्नु पर्दछ।

क) ईनर्टाइजेसन गर्नका लागि औषधिलाई सुरक्षित तबरले धुलो बनाउने

ख) उक्त धुलो (६५ प्रतिशत) र बाँकी ३५ प्रतिशत मध्ये सिमेन्ट, चूना र पानी लाई १५:१५:५ प्रतिशतको अनुपातमा मिश्रण गरी माथिको २ मा उल्लेख भएबमोजिम ईनक्याप्सुलेसन गरी विसर्जन गर्नु पर्दछ ।

४) **जमीनमा उचित ब्यवस्थापन गर्ने** (Proper management on land)

कतिपय औषधि र औषधिजन्य सामग्रीहरूले जमीन र जलका जैविक चक्रलाई प्रतिकूल प्रभाव नपार्ने गरी सोझै जमीनमा गाड्न सकिन्छ ।

क) ईनर्टाइजेसन वा ईनक्याप्सुलेसन पछि उपयुक्त स्थानमा गाड्न सकिन्छ ।
ख) ठूला स्वीकृत आयोजनाहरूमा निर्माण हुने भवनमा ईनर्टाइजेसन वा ईनक्याप्सुलेसन पछि व्यवस्थापन गर्न सकिन्छ ।
(ग) ठूला निर्माण गर्ने ढल/ नहरको ल्याण्डफिल स्थान (Highly Engineered Sanitary Landfill) हरूमा ईनर्टाइजेसन वा ईनक्याप्सुलेसन पछि व्यवस्थापन गर्न सकिने ।

५) **पानीमा मिसाएर ढलमा बगाउने** (Mix it with water and pour it in the drain)

कतिपय झोल औषधिहरूलाई आवश्यक मात्रामा वा अनुपातमा पानीमा मिसाएर ढलमा बगाईदिँदा त्यसले जनस्वास्थ्य र वातावरणमा प्रतिकुल असर पार्दैनन भने त्यस्ता औषधिहरूलाई सोही अनुरुप व्यवस्थापन गर्न सकिन्छ । जस्तै सिरप, IV fluid (सलाइन पानी, मेथाडोनलाई पानीमा मिश्रण गरी बगाउँन सकिन्छ) उक्त मिश्रणलाई निरन्तर बग्ने ढलमा थोरै थोरै गरी बगाउन सकिने छ ।


६) **उच्च तापक्रममा जलाउने विधि** (Incineration at high temperature)

यस विधिद्वारा औषधिहरूलाई ८५० डिग्री सेल्सियस भन्दा बढी तापक्रममा जलाउने भन्ने बुझिन्छ । यसरी उच्च तापक्रममा जलाउन प्रयोग गरीने भट्टीहरू कम्तीमा दुइ वा सो भन्दा बढी च्याम्बर भएको हुनुपर्नेछ ।

जस्तैः- सिमेन्ट कारखानामा धेरै समय सम्म ८५० डिग्री सेल्सियस भन्दा बढी तापक्रममा चल्ने भट्टीहरू हुन्छन् । हाम्रो जस्तो अत्यावस्यक डिस्पोज प्लान्ट नभएको देशमा यो एक महत्वपूर्ण विकल्पका रुपमा लिन सकिन्छ । सिमेन्ट कारखानामा सिमेन्टको कच्चा पदार्थ १४५० डिग्री सेल्सियस तापक्रममा पुग्दा उत्पन्न भएका ग्याँसहरू २००० डिग्री सेल्सियससम्मको तापक्रममा पुग्छन् । साथै उक्त तापमानमा ग्याँसहरू केही सेकेण्ड सम्म मात्र रहने सुविधा हुन्छ । सो अवस्थामा सम्भावित विषाक्त हानीकारक रसायनहरू धेरैजसो बलेर नस्ट हुन्छन र बाँकी बचेका केही हानीकारक रसायनहरू सिमेन्ट क्लिंकरमा सोसिन्छन । यसरी जलाउँदा सिमेन्ट उत्पादकहरूलाइ सिमेन्टको गुणस्थरमा प्रतिकूल असर नगरी बैकल्पिक इन्धनको रुपमा प्रयोग गरी इन्धन बचाउन सहयोग पुऱ्याउँछ । सिमेन्ट कारखानामा जलाउँदा इन्धनको ५% भन्दा बढी औषधि राख्नु हुँदैन । यसरी सिमेन्ट भट्टीहरूले सामान्यतया प्रति दिन १५०० देखि ८००० मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने क्षमता भएका सिमेन्ट कारखानाहरूले धेरै मात्रामा औषधि सामग्रीहरू छोटो अवधिमा डिस्पोज गर्न सकिन्छ । सामान्यतया औषधिहरू सिमेन्ट कारखानाको ८५० डिग्री तापक्रम पछिको इनलेटबाट नष्ट गर्ने औषधिहरू साइक्लोन भित्र प्रवेश गराउँनुपर्दछ । ८५० डिग्री तापक्रमबाट १४५० डिग्रीसम्मको तापक्रममा औषधिहरू साइक्लोन भित्रै जलेर नष्ट हुनेछ । औषधिहरूको प्याकिङ भएको स्ट्रिप, ब्लिस्टर, आल्मुनियम फाएल जस्ता प्याकिङ सामग्रीहरू हटाएर सानो आयतनमा (इनलेटको साइज हेरी प्याकिङ तयार गर्नु पर्छ) औषधिहरू मात्र प्याकिङ गर्नुपर्छ । अति प्रज्वलनसिल र बिष्फोट हुने पदार्थहरू भट्टीमा जलाउनु हुदैन ।

नोटः प्राकृतिक प्रकोपको (भुकम्प, महामारी, बाढि पहिरो जस्ता काबु-बाहिरको परिस्थिति) अवस्थामा प्रयोग हुन नसकी म्याद समाप्त भएका र सो अवधिमा कुनै पनि स्रोतबाट प्राप्तहुन आएका औषधिहरू, सो अवधिमा प्रयोग गर्न नमिल्ने भनि प्रमाणीत भएका औषधिहरू जस्तैः

- म्याद समाप्त भएका औषधिहरू
- औषधिका स्ट्रिप, ब्लिस्टर, प्याकिङ बट्टाहरूमा मात्रा र स्पेसिफिकेसन र भाषा नबुझिने औषधिहरू
- औषधिको चक्कीको रंग फरक भएमा, पानीले भिजेका स्ट्रिप, ब्लिस्टर, च्यातिएका औषधिहरू
- औषधि व्यवस्था विभागले प्रयोग गर्न अनुमति नदिएका औषधिहरू
- प्रयोगमा आईरहेका र मौज्दातमा रहेका, तर स्वास्थ्य सेवामा प्रयोग गर्न अनुमति बन्द गरेको औषधिहरू
- यस्तै प्रकारका अन्य औषधिहरू उच्च तापक्रममा जलाउने विधि द्वारा नष्ट गर्न सकिन्छ ।




*Source: WHO, Safe management of wastes from health–care activities, Second edition, 2014*

**चित्र नं. (ख)**

७) **रासायनिक पदार्थद्वारा निष्कृय पार्ने विधि** (Disinfection by Chemical Substances)

औषधि वा औषधिजन्य सामाग्रीहरू औषधि विज्ञ र रसायनविज्ञको सुझावमा रासायनिक पदार्थद्वारा निस्क्रिय पार्न सकिन्छ । ल्याण्डफिलमा गुण वमोजिम औषधि वा सम्वन्धित सामाग्रीहरू छुटयाई कार्यविधि पुरा गरी नियमानुसार रासायनिक प्रकिया गराई नष्ट गर्नु पर्दछ । रसायन विज्ञ बिना रसायनतत्वद्वारा निस्क्रिय पार्नु हुदैन । यो विधि सारै संबेदनसिल, जटिल, महंगो र समय लाग्ने विधि हो । सानो मात्राका antineoplastic औषधिहरू यो विधि बाट निस्क्रिय पार्न सकिन्छ । तर धेरै मात्रामा जस्तै ५० के. जी. भन्दा बढी औषधिहरूलाई यो विधि उपयुक्त हुदैन । सानो मात्रालाई यो बिधिबाट निस्क्रिय पार्दा पनि पटक पटक दोहोऱ्याएर गर्नु पर्दछ ।

उपरोक्त विधिहरू मध्ये कुन विधिबाट कार्य सम्पादन गर्ने हो ? सो सम्बन्धी बिज्ञद्वारा तयार गर्नुपर्ने फारामको नमूना अनुसूची ६ मा उल्लेख गरीएको छ ।

म्याद समाप्त भएका र प्रयोगमा ल्याउन नमिल्ने औषधिहरूलाई निस्क्रिय पार्ने उपयुक्त विधिहरूको सारांश

| सि.नं. | निस्क्रिय पार्ने विधिहरू | औषधिका प्रकारहरू | प्रतिक्रिया |
|---|---|---|---|
| १ | औषधि उत्पादन कम्पनीलाई फिर्ता गर्ने विधि | प्रयोगमा ल्याउन नमिल्ने धेरै मात्रामा रहेका औषधिहरू जस्तैः antineoplastics औषधिहरू | |
| २ | उच्च तापक्रममा जस्तै १२०० डिग्री भन्दा बढी तापक्रममा incineration गर्ने विधि | Solids, semisolids, powders, antineoplastics, controlled substances. | प्रयोगमा ल्याउन नमिल्ने Antineoplastics औषधिहरू उच्च तापक्रममा incineration गरेको राम्रो हुन्छ । |
| | मध्यम तापक्रम जस्तै न्यूनतम ८५० डिग्री सेन्टिग्रेड तापक्रममा Incineration गर्ने विधि जस्तै (In the Klin of Cement Factory) | उच्च तापक्रमको incinerators मा solids Powder, Controlled substances, Semi Solids नभएको अवस्थामा । | |

| | | | |
|---|---|---|---|
| ३ | Encapsulation विधि | Solids, semisolids, powder, liquids, antineoplastics, controlled substances. | |
| ४ | Inertization विधि | Solids, semisolids, powder, liquids, antineoplastics, controlled substances. | |
| ५ | Highly engineered sanitary landfill (जमीनमा उचित व्यबस्थापन गर्ने) | Limited quantities of untreated solids, semi solids and powders. Disposal of waste pharmaceuticals after immobilization preferable. PVC plastics | |
| | Engineered landfill | Waste solids, semi solids and powders, preferably after immobilization. PVC plastics | |
| ६ | पानीमा मिसाएर ढलमा बगाउने | Diluted liquids, syrups, intravenous fluids, small quantities of diluted disinfectants (Supervised) | Antineoplastics, undiluted disinfectants / antiseptics हरूलाई पानीमा बगाउनु हुदैन |
| | Fast–flowing watercourse | Diluted liquids, syrups, intravenous fluids, small quantities of diluted disinfectants (Supervised) | Antineoplastics, undiluted disinfectants र antiseptics हरू पानीमा मिसाएर बगाउनु हुदैन |
| ७ | रासायनिक पदार्थद्वारा निस्क्रिय पार्ने विधि | रसायन विज्ञको अनुपस्थितमा यो प्रक्रिया सिफारिस गरीदैन | ५० के. जी. भन्दा बढी तौल भएका प्रयोगमा ल्याउन नमिल्ने औषधिहरू यो विधिबाट निस्क्रिय पार्न मिल्दैन । |

# परिच्छेद ५

## ९. समिति र जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११० बमोजिम उपभोग गर्न नहुने प्रमाणित भएका मालसामानहरू नष्ट गर्दा देहायको प्रक्रिया अनुसार गर्न सकिनेछ :

| कार्य | कसले गर्ने | ध्यान दिनुपर्ने कुरा |
|---|---|---|
| नष्ट गर्नुपर्ने कार्य, | कार्यालय प्रमुख | ■ कार्यालयले प्रचलित कानुनबमोजिम आफ्नो कब्जामा लिएको वा आफ्नो मौज्दातमा रहेको मालसामानको उपभोग मिति समाप्त भएमा,<br>■ वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएमा,<br>**नियम १०७ को उपनियम (१) बमोजिमको समिति:**<br>**क) केन्द्रीय निकाय, विभाग र अन्य केन्द्रीयस्तरको कार्यालयको हकमा:**<br>■ सम्बन्धित निकाय प्रमुखले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतको संयोजकत्वमा<br>■ महालेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृत स्तरको प्रतिनिधि<br>■ सम्पत्ति तथा जिन्सी मालसामानको बारेमा जानकारी भएको कुनै सरकारी निकायको विज्ञ कर्मचारी एक जना प्रतिनिधि सहितको समितिले मुचुल्का गरी यस्तो जिन्सी मालसामान पुनः प्रयोग गर्न नसकिने गरी सार्वजनिक रुपमा नष्ट गर्ने ।<br>**ख) केन्द्रीय निकाय बाहेक अन्य कार्यलयका हकमा:**<br>■ कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा<br>■ प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी एक जना प्रतिनिधि<br>■ कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि १ जना सहितको समितिले मुचुल्का गरी यस्तो जिन्सी मालसामान पुनः प्रयोग गर्न नसकिने गरी सार्वजनिक रुपमा नष्ट गर्ने ।<br>■ उपनियम (१) को खण्ड (ख) बमोजिमको प्राविधिक कर्मचारी तोक्दा यथासम्भव सम्बन्धित सम्पति तथा जिन्सी मालसामानहरूको ज्ञान भएको कर्मचारी तोक्नु पर्नेछ ।<br>■ उपनियम (१) बमोजिमको समितिले विशेष प्रकृतिको सम्पति तथा जिन्सी मालसामानको हकमा सम्वन्धित विषयको प्राविधिकको सहयोग लिई मूल्याङ्न गर्न, गराउन सकिने छ ।<br>■ त्यस्तो मालसामान मुचुल्का गरी यस कार्यविधि बमोजिम नष्ट गर्ने ।<br>■ यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिनाहा खर्च जनाउनु पर्छ ।<br>■ समितिमा आवश्यकता अनुसार अन्य विषय विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ । |

# परिच्छेद ६

## १०. म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री ब्यवस्थपनलाई ब्यवस्थित र प्रभावकारी बनाउन बिभिन्न तहको जिम्मेवारी र भुमिकाः

यस कार्यविधि अनुसार संघ, प्रदेश र स्थानीयतहरुले निम्न बमोजिमका विधिहरु अवलम्वन गरी आफनो मौजदात र कावुमा रहेका औषधि, औषधिजन्य सामाग्री र रसायन पदार्थहरु नष्ट गर्न सकिनेछ ।

| तह | बिधिहरू | Reference to refer |
|---|---|---|
| संघीय तह | ईनक्याप्सुलेसन गर्ने । | औषधिको रासायनिक गुण यथावत राखी ड्रममा बन्द गरी व्यवस्थापन गर्ने विधि सम्फनु पर्दछ । |
| | ईनर्टाइजेसन गर्ने । | रासायनिक जोखिम नष्ट गरी ईनक्याप्सुलेसन सहित विषर्जन गर्ने विधि सम्फनु पर्दछ । |
| | जमीनमा उचित ब्यवस्थापन गर्ने | ईनक्याप्सुलेसन / ईनर्टाइजेसन पछि वा सोभै जमीनमा गाड्न सकिने विधि सम्फनु पर्दछ । |
| | पानीमा मिसाएर ढलमा बगाउने । | पानीमा मिसाउँदा कुनै पनि जनावर र प्राणीलाई असर नगर्ने गरी ढल वा बग्ने पानीमा बगाउने विधि सम्फनु पर्दछ । |
| | उच्च तापक्रममा जलाउने विधि (Incineration) | ८५० डिग्री बढी तापक्रममा Double Chamber Incinerator मा राखी जलाउने विधि सम्फनु पर्दछ । |
| | रासायनिक पदार्थद्वारा नस्ट गर्ने | औषधिको रासायनिक गुणलाई उपयुक्त पदार्थले रासायनिक प्रकिया गराई निष्कृय पार्ने विधि सम्फनु पर्दछ । |
| प्रदेश तह | ईनक्याप्सुलेसन गर्ने । | औषधिको रासायनिक गुण यतथावत राखी ड्रममा बन्द गरी व्यवस्थापन गर्ने विधि सम्फनु पर्दछ । |
| | ईनर्टाइजेसन गर्ने । | रासायनिक जोखिम नष्ट गरी ईनक्याप्सुलेसन सहित विसर्जन गर्ने विधि सम्फनु पर्दछ । |
| | जमीनमा उचित ब्यवस्थापन गर्ने | इनक्याप्सुलेसन/ईनर्टाइजेसन पछि वा सोभै जमीनमा गाड्न सकिने विधि सम्फनु पर्दछ । |
| | पानीमा मिसाएर ढलमा बगाउने । | पानीमा मिसाउदा कुनै पनि जनावर र प्राणीलाई असर नगर्ने गरी ढल वा बग्ने पानीमा बगाउने विधि सम्फनु पर्दछ । |
| | उच्च तापक्रममा जलाउने विधि (Incineration) | ८५० डिग्री भन्दा बढी तापक्रममा Double Chamber Incinerator मा राखी जलाउने विधि सम्फनु पर्दछ । |
| स्थानीय तह | ईनक्याप्सुलेसन गर्ने । | औषधिको रासायनिक गुण यथावत राखि ड्रममा बन्द गरी व्यवस्थापन गर्ने विधि सम्फनु पर्दछ । |
| | ईनर्टाइजेसन गर्ने । | रासायनिक जोखिम नष्ट गरी ईनक्याप्सुलेसन सहित विसर्जन गर्ने विधि सम्फनु पर्दछ । |
| | जमीनमा उचित ब्यवस्थापन गर्ने | इनक्याप्सुलेसन/ईनर्टाइजेसन पछि वा सोभै जमीनमा गाड्न सकिने विधि सम्फनु पर्दछ । |

# परिच्छेद ७

## ११. विविध

१) स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरूले (स्वास्थ्य चौकी, प्रा.स्वा.के., आधारभूत अस्पतालहरूमा) कुनै पनि औषधिहरू स्थानीय तहको स्वीकृतिमा मात्र नष्ट गर्नु पर्नेछ ।

२) माथिल्लो तहको स्वीकृति, अनुगमन र प्राविधिक सहयोग भएमा स्थानीय तह मार्फत जानकारी दिई स्वास्थ्य संस्थामानै नष्ट गर्न सकिन्छ तर मौज्दातको जिन्सी प्रमाणित नगराई कुनै पनि प्रकारका सरकारी मालवस्तु धुल्याउनु वा नष्ट गर्न हुदैन ।

३) स्थानीय तहहरूले यस कार्यविधिमा उल्लेखित प्रक्रियाहरू पुरा गरी बिज्ञहरूको उपस्थितिमा औषधि, रसायन, औषधिजन्य सामग्रीहरू इन्क्याप्सुलेसन, इनरटाइजेसन विधिबाट नष्ट गरी जमीनमा व्यवस्थापन गर्ने (ठूलो मात्रामा फोहर व्यवस्थापन गर्ने ल्याण्डफिलहरूमा) कार्यको लागि सहजीकरण र सहयोग गर्नुपर्नेछ ।

४) आफनो स्थानीय तहको क्षेत्राधिकार भित्रका नागरीकहरू विरामी भई चिकित्सकको सल्लाह अनुसार प्रयोगमा ल्याइएका औषधिहरू प्रयोग नगरी म्याद समाप्त भएमा त्यस्ता औषधिहरूको व्यवस्थापन गर्ने कार्य सम्वन्धित स्थानीय तहले गर्नु पर्नेछ ।

५) यस कार्य विधिको पालना नगरी कोही कसैले औषधि, औषधिजन्य सामाग्री र रासायनिक पदार्थहरू सार्वजनिक रुपमा कार्यविधि अनुसरण गरी सुरक्षित विधि अनुसार नष्ट नगरे त्यस्ता औषधि, सामग्रीबाट निस्कने रासायन प्राकृतिक स्रोतबाट जीव जन्तु र वनस्पतिमा प्रवेश गरी पुनः मानव शरीरमा प्रवेश भई हानी नोक्सानी गर्न सक्छ ।

# अनुसूची:

**अनुसूचि १ :**

म.ले.प.फा.नं. ४०७

संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय
कार्यालय कोड नं.:

**खर्च भएर जाने जिन्सी खाता**

जिन्सी सामानको नामः
इकाईः
स्पेसिफिकेशनः

आर्थिक वर्षः
जिन्सी संकेत नंः
जिन्सी खाता पाना नंः

| मिति | दाखिला नं / निकासा नं | स्टोर दाखिला (आम्दानी) | | | निकासा (खर्च) | | | बाँकी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | |

स्टोर प्रमुखको दस्तखतः
नामः
दर्जाः
मितिः

शाखा प्रमुखको दस्तखतः
नामः
दर्जाः
मितिः

कार्यालय प्रमुखको दस्तखतः
नामः
दर्जाः
मितिः

**अनुसूची २:**



संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय
कार्यालय कोड नं.:

## जिन्सी निरीक्षण फाराम

कायार्लय संकेत नं.
आर्थिक वर्ष:

| क्र.स | जिन्सी बर्गिकरण संकेत नं. | खाता पाना नं | बिवरण | इकाई | जिन्सी खाता बमोजिमको मौज्दात | | स्पेसिफिकेसन अनुसार | | भौतिक परीक्षण गर्दा | | | चालु हालतमा | | सामानको अवस्था | | | | कुल परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | मूल्य | भिडेको | नभिडेको | घट संख्या | बढ संख्या | घट/ बढको मूल्य | रहेको | नरहेको | मर्मत गर्नुपर्ने | लिलाम / बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

जिन्सी निरिक्षण समिति गठन मिति:
जिन्सी निरिक्षण प्रतिवेदन पेश मिति:
जिन्सी निरिक्षण समितिका पदाधिकारीको विवरण:

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |

**अनुसूची ३ :**

म.ले.प.फा.नं: ४१०

संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय
कार्यालय कोड नं.:

## जिन्सी निसर्ग / मिन्हा फाराम

निर्णयको विवरण

मिन्हा/निसर्गको निर्णय मिति: आर्थिक बर्ष: ......................

निर्णय गर्ने पदाधिकारीको नाम र पद: मिति: ......................

| क्र.सं. | जिन्सी संकेत नं. | जिन्सी खाता पाना नं. | मालसामानको नाम | स्पेसिफिकेशन | शुरु प्राप्त मिति | प्रयोग भएको वर्ष | परिमाण | परल मूल्य | हालको मूल्याङ्कित मूल्य | जिन्सी निसर्ग/ मिन्हा गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

स्टोर प्रमुखको दस्तखत:
नाम:
दर्जा:
मिति:

शाखा प्रमुखको दस्तखत:
नाम:
दर्जा:
मिति:

आदेश दिनेको दस्तखत:
नाम:
दर्जा:
मिति:

## अनुसूची ४ः

(शुरु टिप्पणीको नमूना)

संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय

**विषय : जिन्सी सामग्री नष्ट गर्ने सम्बन्धमा**

श्रीमान्,

यस ............................ को भण्डारमा भएका म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री मिति ...................... को निर्णयानुसार गठित समितिले निरीक्षण गरी मिति ................. मा दिएको जिन्सी निरीक्षण प्रतिवेदन (म.ले.प. ४११ को आधारमा सि.नं. १ देखि ........ सम्मका मालसामानहरूको मिनाहा प्रतिवेदन फाराम म.ले.प. फा.नं. ४१० तयार गरी यसैसाथ संलग्न गरेको छु।

संलग्न मिनाहा प्रतिवेदन फाराममा उल्लेखित म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसाायन र औषधिजन्य सामग्रीले भण्डारको धेरैजसो भाग ओगटीरहेको, नयाँ र उपयोगी सामग्री व्यवस्थित रूपले राख्ने ठाउँ अपुग भएको तथा दिनानुदिन म्याद सकिएका औषधिहरूले वातावरणमा समेत असर पार्ने हुँदा मिनाहा प्रतिवेदन फाराममा उल्लेख गरिएका सामानहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०७ (१) बमोजिमको गठित समितिको उपस्थितिमा मुचुल्का उठाई जिन्सी मालसामान नष्ट गर्न स्वीकृतिको लागि पेश गरेको छु।

## अनुसूची ५:

संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय
कार्यालय कोड नं.:

**बर्गीकरण गर्ने फाराम**

आर्थिक बर्षः ........................
मितिः ...........................

| क.सं. | जिन्सी खाता पाना नं. | औषधि र सामग्रीको नाम | स्पे सिफिकेसन | परिमाण | इकाई | सामानको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

स्टोर प्रमुखको दस्तखतः
नामः
दर्जाः
मितिः

शाखा प्रमुखको दस्तखतः
नामः
दर्जाः
मितिः

आदेश दिनेको दस्तखतः
नामः
दर्जाः
मितिः

## अनुसूची ६ :

संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय
कार्यालय कोड नं.:

### यस कार्यविधि अनुसार कुन विधिबाट नष्ट गर्ने विज्ञले तयार गर्ने फाराम

| क्र.सं. | जिन्सी खाता पाना नं. | औषधि र सामग्रीको नाम | स्पेसिफिकेसन | परिमाण | इकाई | नष्ट गर्ने विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

विज्ञको दस्तखतः
नामः
पदः
मितिः

प्रमाणित गर्नेको दस्तखत
नामः
पदः
मितिः

## अनुसूची ७ः

संघ/प्रदेश/स्थानीय तह
मन्त्रालय /विभाग/कार्यालय

यस मन्त्रालय/विभाग/केन्द्र/कार्यालयमा रहेका औषधि तथा सामग्रीहरु उपभोग मिति समाप्त भएका वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएका देहाय बमोजिमको मालसामान आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायीत्व नियमावली, २०७७ को नियम १०७ को उप नियम १ बमोजिमको समितिले प्रयोग गर्न नसकिने लिलाम बढाबढको माध्यमद्वारा बिक्रि नहुने र कुनै सरकारी गैर सरकारी संस्थाहरुलाई हस्तान्तरण गर्न नसकिएको वा नसकिने भएकाले नष्ट गरी यो मुचुल्का तयार गरियो ।

तपसिल

**औषधि र औषधिजन्य मालसामानहरु**

| सि.नं. | सामग्रीको नाम | स्पेसिफिकेसन | दाखिला मिति | परिमाण | मूल्य | नष्टगर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६ | | | | | | |
| ७. | | | | | | |
| ८ | | | | | | |
| ९. | | | | | | |
| | | | | | | |

**रोहबर**

| सि.नं. | नाम, पद | दस्तखत |
|---|---|---|
| १. | | |
| २ | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

# सन्दर्भ सामग्रीः

१. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २)६४

२. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७

३. म.ले.प. फारामहरु स्वीकृत भएको महालेखा नियन्त्रक कार्यालयको मिति २०७६।३।१ को सूचना


४. विश्वस्वास्थ्य संगठनको विभिन्न मितिमा प्रकाशित सामग्री

   a) Guidelines for safe disposal of unwanted pharmaceuticals in and after emergencies, 1999

   b) Safe management of wastes from health–care activities, Second edition, 2014








म्याद गुज्रेका तथा प्रयोगमा ल्याउन नमिल्ने औषधिहरुलाई ईन्क्याप्सुलेसन गरि जमिनमा व्यवस्थापन गर्ने विधि ।





